केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१७/०६८/६९ मिति: २०६८/०९/०७

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(१) बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्वन्धी नीतिगत एवं प्रकृयागत व्यवस्थाः२०६३ को बुँदा नं. ९.४ र यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. १० को बुँदा नं. ७ मा भएको व्यवस्था पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छः-
*"तर, नेपाल सरकारको ५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएका वित्तीय क्षेत्रसँग सम्बन्धित कर्मचारी संचय कोष, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको हकमा बढीमा १५ प्रतिशतको सीमा कायम हुने गरी एक भन्दा बढी बैंक तथा वित्तीय संस्थामा संस्थापक शेयर लगानी गर्न बाधा पुगेको मानिने छैन ।"*

(२) मिति २०६८।४।१२ मा जारी नीति/परिपत्र/२/२०६८/६९ परिपत्रको बुँदा नं. ५ मा उल्लिखित व्यहोराको सट्टा देहाय बमोजिमको व्यहोरा राखी संशोधन गरिएको छः-
*"बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थाको संचालकले आफू वा आफ्नो परिवारका सदस्य तथा आफ्नो वा परिवारको स्वामित्वमा रहेको फर्म/कम्पनीको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जा सम्बन्धी स्वघोषणा विवरण वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र संचालक समितिमा पेश गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।"*

(३) नेपाल क्लियरिङ्ग हाउसबाट मिति २०६८।९।१४ देखि इलेक्ट्रोनिक चेक क्लियरिङ्ग अन्तर्गत विदेशी मुद्राको चेक क्लियरिङ्ग हुने भएको हुँदा उक्त मितिदेखि विदेशी मुद्राको चेक क्लियरिङ्गको कारोवार सोही क्लियरिङ्ग हाउस मार्फत गर्नु/गराउनु पर्ने छ । नेपाल क्लियरिङ्ग हाउसको सदस्यता लिई नसकेका बैंक तथा वित्तीय संस्थाहरुको हकमा हाललाई पूर्ववत व्यवस्था अनुरुप चेक क्लियरिङ्ग गरिने छ ।

*(४)* यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. ६ को बुँदा नं. २ को खण्ड (ख) र (ठ) तथा बुँदा नं. ५ मा भएको व्यवस्थाको सट्टा देहायको व्यवस्था गरी बुँदा नं. ५ कायम गरिएको छः-

*५. आन्तरिक समिति/उपसमिति सम्बन्धी व्यवस्था*

*(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १४ तथा दफा १५ मा भएको व्यवस्था अनुसार संचालक समितिले आफ्नो जवाफदेहीमा देहाय बमोजिम हुने गरी समिति/उपसमिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोक्नु पर्नेछः ।*

*(क) बैंक तथा वित्तीय संस्थाले आफ्नो कामकारवाहीलाई प्रभावकारी रुपमा संचालन गर्न संचालक संयोजक वा सदस्य हुने गरी देहायका विषयसंग सम्बन्धित समिति वा उप-समिति मात्र गठन गर्न सक्नेछ ।*

- *लेखापरीक्षण*
- *जोखिम व्यवस्थापन*
- *कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै खास प्रयोजनको लागि समय तोकी गैर कार्यकारी संचालकको संयोजकत्वमा उप-समिति गठन गर्न भने वाधा पुगेको मानीने छैन ।

(ग) संचालक समितिका अध्यक्ष संचालक समिति बाहेक अन्य कुनै पनि आन्तरिक समिति वा उप-समितिमा समावेश हुन पाउने छैन ।

(घ) खण्ड (क) बमोजिम गठन हुने समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ व्यक्ति सहित कम्तिमा ३ देखि बढीमा ५ जनासम्म सदस्य हुन सक्ने छन् ।

(ङ) सम्बन्धित संस्थाले सबै सञ्चालकहरुको योग्यता र अनुभव खुलेको Profile तयार गरी सोको आधारमा संचालकहरुलाई उपयुक्त समितिमा राख्ने व्यवस्था गर्नु पर्ने छ ।

(च) उपरोक्त बमोजिम तीन वटा समिति कायम हुने गरी यस बैंकबाट परिपत्र जारी हुनु भन्दा अगाडि विभिन्न विनियमावलीहरुमा भएको व्यवस्था अनुसार संचालकहरुले प्रतिनिधित्व गर्ने गरी गठन भएका समितिलाई व्यवस्थापन अन्तरगत गठन गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(छ) समितिका सदस्यहरुको बैठक भत्ता संचालक समितिका सदस्यले पाउने बैठक भत्ता भन्दा बढी नहुने गरी तोक्नु पर्ने छ ।

(ज) प्रमुख कार्यकारी भन्दा तल्लो तहका कर्मचारीको पदपूर्ति सम्बन्धी कार्य गर्न नायव कार्यकारी प्रमुखको संयोजकत्वमा पदपूर्ति समिति गठन गरी व्यवस्थापनलाई अख्तियार प्रत्यायोजन गर्नु पर्ने छ ।

(झ) एउटा समितिमा संयोजक रहेको संचालक अर्को समितिमा संयोजक हुन पाउने छैन ।

(ञ) आन्तरिक लेखापरीक्षण विभागका प्रमुख र कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन क्रमशः संचालक समितिले र लेखापरीक्षण समितिले गर्ने गराउने व्यवस्था गर्नु पर्ने ।

(२) <u>लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था</u>

सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको मातहतमा एउटा लेखापरीक्षण समिति गठन गर्नु पर्नेछ । सो समितिको सदस्य-सचिव आन्तरिक लेखापरीक्षण विभागको प्रमुख हुने छ । सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी इजाजतपत्रप्राप्त संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिनेछ । इजाजतपत्रप्राप्त संस्थाका आन्तरिक र वाह्य लेखापरीक्षकहरुले सो समितिमा सिधै पहुँच राख्न सक्नेछन् । निजहरुले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले विस्तृत छलफल गर्नु पर्नेछ । इजाजतपत्रप्राप्त संस्थामा गठन हुने लेखापरीक्षण समितिमा कार्यकारी प्रमुखलाई सदस्यको रुपमा राख्न पाइने छैन तर आवश्यकता परेको अवस्थामा आमन्त्रित सदस्यको रुपमा बोलाउन वाधा पुगेको मानिने छैन ।

<u>समितिको प्रमुख उत्तरदायित्व</u>

(क) प्रचलित कानुन बमोजिम इजाजतपत्रप्राप्त संस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षणमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदम बारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने ।

(ख) बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*(ग) नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरुको कार्यान्वियन भए/नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी संचालक समितिलाई जानकारी गराउने ।*

*(घ) इजाजतपत्रप्राप्त संस्थाको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।*

*(ङ) इजाजतपत्रप्राप्त संस्थाको कारोवारको हर-हिसाव सही र यथार्थ भएको सम्बन्धमा सञ्चालक समितिलाई विश्वस्त तुल्याउनुको साथै सम्भावित दायित्व र कर्जा वर्गीकरण गरी सोको लागि राख्नु पर्ने व्यवस्था सम्बन्धमा नियमित रुपमा समीक्षा गर्ने ।*

*(च) प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन व्यवस्थाहरु पालना गरे/नगरेको सम्बन्धमा समितिले समीक्षा गर्नुका साथै सो सम्वन्धी ब्यहोरा आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्ने ।*

*(छ) आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्य प्रणाली तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने ।*

*(ज) इजाजतपत्रप्राप्त संस्थाको काम कारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरु अवलम्वन भए/नभएको वारे समीक्षा गरी संचालक समितिलाई आवश्यक सुझाव दिने ।*

*(झ) इजाजतपत्रप्राप्त संस्थाको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी संचालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।*

*(ञ) कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका कार्यहरु गर्ने ।*

*(३) संचालक समितिले कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति तथा जोखिम व्यवस्थापन समितिको कार्य विवरण यसै निर्देशनको क्रमशः अनूसुची - १ र अनूसुची - २ मा उल्लिखित कार्य विवरणलाई आधार मानी तोकिदिनु पर्नेछ ।*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथली, काठमाडौं ।
११. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
१२. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१४. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१५. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।
१६. श्री नेपाल क्लियरिङ्ग हाउस लि., कमलादी, काठमाडौं ।